# सिद्धार्थनगर नगरपालिकाको

## मिति २०६८पौष २८ गते वसेको १५औं नगर परिषदको वैठकबाट पारित आर्थिक वर्ष २०६९/०७० को वार्षिक वजेट नीति तथा कार्यक्रम सार्वजनिक कार्यक्रममा प्रस्तुत

## बजेट वक्तब्य

यस सार्वजनिक कार्यक्रमका प्रमुख अतिथि माननीय स्थानीय विकास राज्य मन्त्री ज्यू,

विशिष्ट अतिथी श्रीमान प्रमुख जिल्ला अधिकारीज्यू,

राजनीतिक दलका प्रमुख एवम प्रतिनिधि ज्यूहरु,

सदरमुकाम स्थित कार्यालयका कार्यालय प्रमुख ज्यूहरु,

विभिन्न संघ सँस्थाका प्रमुख एवम प्रतिनिधी ज्यूहरु,

नागरिक समाजका महानुभावहरु,

सञ्चारकर्मी मित्रहरु , आमन्त्रित भद्र महिला एवम सज्जनवृन्द

आदरणीय नगरवासी दाजुभाई दिदीवहिनीहरु,

सहकर्मी कर्मचारी साथीहरु ,

अभिवादन एवम सम्मान व्यक्त गर्न चाहान्छु ।

यस वजेट,नीति तथा कार्यक्रम सार्वजनिक कार्यक्रममा विश्व शान्तिका दुत गौतमबुद्धको पावन जन्मभूमि सिद्धार्थनगर नगरपालिकाको आर्थिक वर्ष २०६९/०७० को वार्षिक वजेट नीति तथा कार्यक्रम यहाँहरु समक्ष राख्न पाउँदा मलाई हर्ष लागिरहेको छ ।

सार्वभौम जनतालाई शासकिय प्रकृयामा अधिकाधिक मात्रामा सहभागिता हुने अवसर प्रदान गर्ने थलो स्थानीय निकायहरु भएकोले स्थानीय निकायहरुलाई स्थानीय सरकार पनि भनिन्छ । प्रजातान्त्रिक मुलुकहरुमा स्थानीय निकायहरुलाई लोकतन्त्रको आधारशिला मानिन्छ ,जहाँ सार्वभौम जनताले आफनो सार्वभौम अधिकारको अभ्यास गर्ने अवसर प्राप्त गर्दछन । जनताको भरोसाका केन्द्रका रुपमा रहेका यस्तो निकायहरु करिव १० वर्षदेखि जनप्रतिनिधिविहिन अवस्थामा रहेको छ , भन्नु पर्दा नेपालमा सार्वभौम जनताले आफनो अधिकार प्रयोग गर्न कतिसम्म पाएका होलान ? यस परिस्थीतिको तत्काल अन्त गर्न हामी सवैले गम्भिरतापूर्वक विचार गर्नु पर्ने वेला भईसकेको छ ।

जनप्रतिनिधिमुलक स्थानीय निकायहरुमा जनप्रतिनिधि नहुँदा जनताको अधिकार कतिसम्म स्थापित हुन सकेको होलान । वर्तमान स्थानीय निकायहरुले जनताको आवस्यकता र आवाजलाई कतिसम्म सम्वोधन गर्न सकेको होला भन्ने यथार्थ हाम्रो नजरबाट छिपेको छैन ।

यस्तो असहज र कठिन परिस्थीतिका वावजुद पनि वर्तमान स्थानीय निकायहरुले नेपाल सरकार, स्थानीय विकास मन्त्रालय र राष्ट्रिय योजना आयोगको नीतिगत निर्देशनहरु, दातृ निकायहरुबाट प्राप्त शर्तहरु एवम त्रिवर्षिय योजनाले निर्देशित गरेका लक्ष्यहरुको परिधि भित्र रहेर केन्दीय र आन्तरिक आयको सीमा भित्र रही वार्षिक कार्यक्रमको माध्यमबाट स्थानीय जनताको आवश्यकतालाई सकेसम्म सम्वोधन गर्ने प्रयास गरिआएको कुरा यहाँहरु समक्ष राख्न चाहान्छु ।

जनप्रतिनिधिविहिनताले नगरवासी जनताको आवाज र आवस्यकताहरु प्रभावकारी र व्यवहारिक रुपमा नगरपालिकासम्म आईपुग्नमा अवरोध खडा भएको छ । यसलेगर्दा नगरपालिका प्रति स्थानीय जनताको असन्तुष्टि बढी रहेको देखिन थालेको छ । अर्कोतिर जनअपेक्षा र आवस्यकता दिन प्रतिदिन अभिवृद्धि भईरहेको छ भने त्यसको अनुपातमा नगरपालिकाका आन्तरिक तथा वाह्य आयमा सामयिक वृद्धि हुन सकिरहेको छैन । यस्तो चुनौतिपूर्ण परिस्थितीमा उपलब्ध सीमित श्रोत, साधनको आधारमा जनताको अपेक्षालाई सम्वोधन गर्ने गरी वार्षिक कार्यक्रम निर्माण गर्नु सहज होईन । तथापी उपलब्ध साधनको प्रभावकारी एवम दक्षतापूर्वक परिचालन गर्न एवम हिजोसम्म विकासका मुलप्रवाहबाट वाहिर परेका र वाहिर पारिएका वर्ग तथा समुदायको आवश्यकता र चाहनालाई संवोधन गर्ने गरी समावेशी तरिकाले विकासका योजना तथा कार्यक्रम निर्माण गर्ने कार्यलाई नगरपालिकाले निरन्तरता दिई आएको छ ।

## आदरणीय प्रमुख अतिथी एवम अतिथी ज्यूहरु,

स्थानीय स्वायत्त शासन ऐन,२०५५ तथा स्थानीय स्वायत्त शासन नियमावली, २०५६(संशोधित) ले स्थानीय निकायहरुले आफनो विकासका कार्यक्रम सहभागितामुलक तरिकाले निर्माण गर्नु पर्ने व्यवश्था गरेमुताविक यस सिद्धार्थनगर नगरपालिकाले हालको जनप्रतिनिधिविहिन अवस्थामा स्थानीय राजनीतिक दलका सदस्यहरु,नागरिक समाजका सदस्यहरु, टोल विकास सँस्थाका सदस्यहरु, स्थानीय सँघ सँस्थाका प्रतिनिधिहरु एव नगरवासीहरुको सहभागितामा वडास्तरिय विकास योजनाहरु सहभागितामुलक ढँगले छनौट गरी एकिकृत योजना तर्जुमा समिति हुँदै नगर परिषदले नगरपालिकाको यो वार्षिक वजेट तथा कार्यक्रम निर्माण गर्ने काम गरेको छ । सहभागितामुलक योजना तर्जुमाले स्थानीय विकास कार्यक्रममा जनताको स्वमित्व प्रवर्धन गर्ने भएता पनि वडास्तरबाट प्राथमिकतामा परेको विकास योजनाहरु श्रोतको सीमितताका कारण नगरपालिकाको कार्यक्रममा समविष्ट हुन नसक्दा स्थानीय जनतामा नैराश्यता देखिन थालेको छ ,भने पुन : त्यही प्रकृयाका लागि अर्को वर्ष वडास्तरमा जान पनि असहज हुन थालेको छ ।

यस्तो असहज परिस्थीतिका वावजुद पनि सिद्धार्थनगर नगरपालिकाले **नगरपालिका संचालन अनुदान कार्यविधि, २०६७** मा भएको व्यवस्था अनुसार नगरपालिकामा उपलब्ध भएको सीमित श्रोत साधनलाई प्रभावकारी एवम समावेशी तरिकाले परिचालन गर्ने गरी नगरस्तरिय राजनीतिक दलको सदस्यहरुको राय

परामर्शमा भरखरै स्थानीय निकाय संचालन सम्वन्धमा नेपाल सरकार, स्थानीय विकास मन्त्रालयबाट नगरपालिका सञ्चालन सम्वन्धमा भएको व्यवस्था वमोजिम आगामी आर्थिक वर्ष, २०६९/०७० को लागि वार्षिक वजेट ,नीति तथा कार्यक्रम पारित गरिएको जानकारी गराउन चाहान्छु ।

## आदरणीय महानुभावहरु,

वार्षिक कार्यक्रम तर्जुमा गदा मुलतः नगरवासीहरुको आवश्यकता र प्राथमिकता एवम नगरपालिकाले तर्जुमा गरेको आवधिक नगर विकास योजनाले निर्दिष्ट गरेको **"पर्यटन उधोग, व्यवसाय र शिक्षा, हराभरा बुद्धभूमि शिद्धार्थनगरको ईच्छा"** भन्ने दुरदृष्टि र नेपाल सरकारको त्रिवर्षिय योजनाले राखेका विकासका लक्ष्य तथा उद्धेश्यलाई केन्द्रविन्दुमा राखी निम्न क्षेत्रगत नीतिहरु अवलम्वन गरिएको छ ।

## भौतिक पूर्वाधार विकास नीति

१. नेपाल सरकार तथा एसियाली वैंकको अनुदान सहयोगमा यस नगरपालिकामा सञ्चालन हुने एकिकृत शहरी विकास परियोजना कार्यान्वयनका लागि नगरपालिकामा निर्माण गरिएको परियोजना कार्यान्वयन इकाईलाई प्रभावकारी एवम दक्षतापूर्वक सञ्चालन गरिने छ ।

२. नगरपालिका क्षेत्र भित्र जग्गा विकास कार्यक्रम सञ्चालन गर्ने व्यक्ति तथा संस्थाहरुलाई नगरपालिकाको जग्गा विकास गुरु योजना (प्लटिंग) मा भएको प्रावधान पूर्ण रुपमा पालना गर्ने व्यवस्था गरिने छ ।

३. नाला निर्माण भई सकेका सडकहरुमा मात्र पिच सडक निर्माण गर्न प्राथमिकता दिईने छ ।

४. नगरपालिकाबाट सञ्चालन हुने विकास निर्माणका कामहरुको गुणस्तर कायम गर्न अनुगमन, सुपरिवेक्षण र मूल्यांकन कार्य व्यवस्थित रुपमा गरिने छ, साथै योजनागत सार्वजनिक परिक्षणलाई प्रभावकारी , व्यवस्थित र नियमित गरिने छ ।

५. न.पा.बाट सञ्चालन हुने पूर्वाधार विकाससम्बन्धी योजनाहरुमा अधिकतम जनसहभागिता परिचालन गरी त्यसता योजनाहरुमा जनस्वामित्व प्रवर्द्धन गर्ने नीति लिईने छ ।

६. न्यूनतम ५ लाख भन्दा बढी लागतका भौतिक पूर्वाधार सम्बन्धी योजनाहरुको लगत इष्टिमेट तयार गर्दा नै कूल लागतको ३ प्रतिशतका दरले रकम छुट्याई मर्मत सम्भार कोषमा जम्मा गर्ने व्यवश्था यसै आर्थिक वर्ष देखि कार्यान्वयनमा ल्याइने छ ।

७. स्थानीयस्तरमा सञ्चालन हुने योजनाहरुको लागि गठन हुने उपभोक्ता समिति सञ्चालन सम्बन्धमा मन्त्रालयबाट प्राप्त भएको निर्देशन पूर्ण रुपमा पालना गरिने छ ।

८. न.पा. क्षेत्र भित्र गरिने भौतिक पूर्वाधार विकास निर्माण कार्यमा ठेक्का पट्टा कार्यलाई पारदर्शि, प्रतिस्पर्धात्मक र समान अवसर श्रृजना गर्न E-bidding मार्फत कार्य गर्ने नीति लिईन छ ।

९. न.पा.को राजस्व संकलन र अन्य विषयगत क्षेत्रलाई व्यवस्थित  गर्न न.पा.मा Geographical System लाई संचालनमा ल्याउने नीति लिईने छ ।

१०. नगरमा रहेको ढल निकासको समस्यालाई दीर्घकालिन रुमा नै समाधान गर्न आवस्यक कार्यक्रम निर्माण गरी सञ्चालन गरिने छ ।

## घर नक्शा पास  सम्वन्धि नीति

१. नेपाल सरकारबाट जारी भएको भवन आचारसंहिता (Building Code) पूर्ण रुपमा कार्यान्वयन गर्दै लगिने छ ।

२. घर निर्माणको स्वीकृती दिंदा भवन निर्माण मापदण्ड तथा सडकको मापदण्डलाई पूर्ण रुपमा पालना गर्ने गराउने कार्यलाई निरन्तरता दिईने छ ।

३. यस पूर्व शुरु भएको घर नम्बरिंग कार्यलाई निरन्तरता दिंदै आगामी बर्षमा वडा नं. ७ र वडा नं. १२ को बसन्त पथ, वडा नं. ५ र वडा नं. १३ को हाटबजार पथ, वडा नं. ७ र वडा नं. १२, वडा नं. ८ को बी .पी पथदेखि जनक पथसम्मका क्षेत्रहरुमा घर नम्बरिङ्ग गरिने छ ।

४. घर निर्माणको स्वीकृति दिँदा यस पूर्वको एक घर दुई रुख लगाउने नीतिलाई निरन्तरता दिदै यसलाई पूर्ण रुपमा पालना गराइने छ ।

## सामाजिक विकास सम्वन्धि नीतिहरु

### (क) महिला शसक्तिकरण नीति

१. महिला तथा एकल महिलाको शशक्तिकरणका लागि क्षमता विकास कार्यक्रम सराकारवाला सँस्थाहरुको सहकार्यमा सञ्चालन गरिने छ ।

२. नगरपालिकाबाट सञ्चालित महिला हस्तकला केन्द्रबाट प्रदान गरिने सीप विकास सम्बन्धी तालिमलाई बढी व्यवहारिक र आय आर्जन मूलक बनाउने नीति लिइने छ ।

३. महिला हक सम्बन्धी चेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ ।

४. महिलाहरुको लागि लोकसेवा तयारी कक्षा सञ्चालन गरिने छ , तयारी कक्षा सञ्चालन गर्दा आर्थिक र सामाथिक  रुपले पछाडी परेका जातजातिका महिलाहरुको सहभागिता हुने व्यवश्था गरिने छ ।

५. नगरपालिका क्षेत्रमा सञ्चालित महिला साक्षरता कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरिने छ ।

## (ख) वातावरण तथा सरसफाई सम्वन्धि नीति

१. वातावरण तथा सरसफाई संग सम्बन्धित नगरपालिका क्षेत्र भित्र गठित महिला समूहहरुको क्षमता विकासको लागि अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिने छ ।

२. विभिन्न वडाहरुमा गठित फोहोरमैला समूहका सदस्यहरु मार्फत बृक्षारोपण तथा फोहोरमैला न्युनिकरण सम्बन्धी कार्यक्रम सञ्चालन गरिने छ ।

३. नगर क्षेत्र भित्रका सडकका दायाँ बायाँ क्षेत्रमा बृक्षारोपण कार्यक्रम सञ्चालन गरिने छ ।

४. नगरपालिका क्षेत्रभित्र प्लाष्टिक प्रयोग (कालो प्लाष्टिक) न्युनिकरणका लागि विद्यालय स्तरीय कार्यक्रम सञ्चालन गरिने छ ।

५. प्लाष्टिकको झोला प्रयोग सम्बन्धी नेपाल सरकारले अख्तियार गरेको नीतिलाई कडाईका साथ अवलम्बन गरिने छ ।

६. नगरपालिका क्षेत्रमा फोहोर मैला व्यवस्थापनसम्वन्धि कार्य गर्दा साझेदार सँस्थाहरुको सहकार्यमा गर्ने नीति अख्तियार गरिने छ ।

७. वातावरण संरक्षण कार्यक्रम प्राथमिकतामा राखी प्रभावकारी रुपमा सञ्चालन गरिने छ ।

८. सिद्धार्थनगर वसपार्कलाई व्यवस्थित र वातावरण मैत्री वनाउन यसै आर्थिक वर्षमा सुधारका लागि आवश्यक कार्य गरिने छ ।

९. फोहोरलाई श्रोतमानै न्युनीकरण गर्न समुदायस्तरमा स्थानीय सँघसँस्थाहरु मार्फत सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिने छ ।

१०. फोहोर मैला व्यवस्थापन कार्यलाई प्रभावकारी र नियमित गर्न नगरपालिकामा रहेको जनसाधन र अन्य साधनलाई समुदायको आवस्यकता अनुरुप परिचालन गरिने नीति लिईने छ ।

## (ग) जनस्वास्थ्य व्यवस्थापनसम्वन्धि नीति

१. वडा नं. १० मा सञ्चालनमा आएको शहरी स्वास्थ्य केन्द्रलाई व्यवस्थित रुपमा सञ्चालन गरिने छ र, आवश्यकता अनुसार अन्य वडाहरुमा पनि शहरी स्वास्थ्य केन्द्र स्थापना गर्ने नीति लिइने छ ।

२. नगर क्षेत्र भित्रका महिला स्वयम् सेविकाहरुलाई प्रोत्साहन गर्न अवलोकन भ्रमणमा पठाईने छ ।

३. नगरपालिका क्षेत्रभित्र कार्यरत सम्बद्ध संस्थाहरुसंगको सहकार्यमा निःशुल्क स्वास्थ्य शिविर ( महिला। बालबालिका लगायत) कार्यक्रम सञ्चालन गरिने छ ।

४. नगरपालिकाबाट पहिचान भएका विपन्न वस्तीहरुमा सामुदायिक स्वास्थ्य सम्बन्धी चेतनामूलक कार्यक्रम साझेदार संस्थाहरुको सहकार्यमा सञ्चालन गरिने छ ।

५. खुला दिशा मुक्त क्षेत्र घोषणा तयारीको लागि वडा पहिचान गरि चेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ ।

६. शहरी स्वास्थ्य केन्द्रबाट प्रवाह गरिने स्वास्थ्य सेवालाई वढी समुदायमुखी वनाईने छ ।

## (घ) गरिबी न्युनीकरणसम्वन्धि नीति

१. समुदाय परिचालनको माध्यमबाट आर्थिक र सामाजिक दृष्टिले पछाडी परेका र पछाडी पारिएका समुदायहरुमा गरिवी न्यूनीकरण गर्न आयआर्जनमुलक सीप तथा क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिने छ ।

२. नगरपालिकाले छनौट गरेका गरीब वस्तीहरुमा गरिबी न्युनीकरण कार्यक्रम अन्तर्गत भौतिक पूर्वाधार, आयआर्जन र क्षमता विकासको कार्यक्रम सञ्चालन गरिने छ ।

३. नगरपालिकाले गरेको गरिबी नक्शांकनबाट पहिचान भएका विपन्न वस्तीहरुमा गरिबी न्युनीकरण गर्न आय आर्जनका कार्यक्रमहरु समुदायको माँगको आधारमा सञ्चालन गरिने छ ।

## (ड.) बाल विकास सम्वन्धि नीति

१. बाल विकास कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्न विभिन्न वडा तथा विद्यालयहरुमा बाल क्लब गठन गरी चेतनामूलक (बाल अधिकार) कार्यक्रम सञ्चालन गरिने छ ।

२. नगरपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयहरुमा अध्ययनरत अपाङ्ग बालबालिका विद्यार्थीहरुलाई १ जोर स्कूल पोशाक विद्यालयबाट प्राप्त अभिलेखका आधारमा उपलब्ध गराईने छ ।

३. नगरपालिका क्षेत्रमा बालश्रम नियन्त्रण गर्न सम्वद्ध सँघसँस्थाहरुको सहकार्यमा सचेतनामुलक कार्यक्रम सञ्चालन गरिने छ ।

## (च) समुदाय विकास तथा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालनसम्वन्धि नीति

१. समुदाय परिचालन प्रकृयालाई प्रभावकारी र व्यवस्थित रुपमा सञ्चालन गर्न नगरपालिका कार्यालयमा रहेको सामाजिक विकास शाखालाई व्यवस्थित गरिने छ ।

२. नगरपालिका क्षेत्रभित्रका समाज परिचालनका लागि छनौट भएका ६ वटा वडाहरुमा समुदाय परिचालन कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गरिने छ ।

३. यस पूर्व विभिन्न प्रयोजनका लागि गठन भएका समूहहरुलाई व्यवस्थित र संगठित गर्न विद्यमान सँस्थाहरुको सँस्थागत विकासका लागि आवस्यक कार्यक्रमहरु सञ्चालन गरिने छ ।

४. समुदायस्तरमा वातावरण तथा फोहोरमैला व्यवस्थापनसम्वन्धि कार्यक्रमहरु समुदाय मार्फत सञ्चालन गरिने छ ।

५. नगर क्षेत्रका एक एक जना पुरुष तथा महिला जेष्ठ नागरिकहरुलाई प्रत्येक आर्थिक वर्ष सम्मान गर्ने कार्यक्रम सञ्चालन गरिने छ ।

६. नगरपालिकाबाट सञ्चालन गरिने मुलतः सीप तथा क्षमता विकास कार्यक्रमलाई पुर्णतः समावेशी वनाई सो कार्यक्रमहरु सम्वन्धित क्षेत्रमा कार्यरत सरकारी तथा गैह्र सरकारी निकाय, संघ सँस्थाहरुको सहकार्यमा गर्ने नीति लिईने छ ।

७. नगरपालिका भित्र विभिन्न प्रयोजनका लागि निर्माण भएका सामुदायिक सँस्थाहरुको सँस्थागत विकासका लागि सम्वन्धित सँस्थासँगको सहकार्यमा क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने नीति लिईने छ ।

**(छ) समावेशी विकास नीति**

१. नगरपालिकाबाट तर्जुमा गरिने सामाजिक तथा पूर्वाधार विकासका योजना तथा कार्यक्रमलाई समुदायमुखी एवम समाववेशी वनाउने नीति लिईने छ ।

२. महिला ,दलित , आदिवासी जनजाति,बालबालिका,अशक्त अपांग,एकल महिला,असहायको उत्थान एवम सशक्तिकरणका लागि नगरपालिकामा सो क्षेत्रमा कार्यरत संघसँस्थाहरुको सहकार्यमा विभिन्न कार्यक्रमहरु सञ्चालन गरिने छ ।

## (ज) शिक्षा, सँस्कृति,कला तथा खेलकुद विकाससम्वन्धि नीति

१.नगरपालिकाबाट सञ्चालित पुस्तकालयलाई व्यवस्थित तरिकाबाट सञ्चालन गर्न व्यवस्थापनमा सुधार गरिने छ ।

२. नगरपालिका क्षेत्रमा खेलकुद विकास गर्न नगरपालिका क्षेत्रमा निर्माण भएका ल्कवहरुलाई प्रोत्साहन गर्न सहयोग गरिने छ ।

३. साहित्य, कला र सँस्कृतिको विकासका लागि आवस्यक कार्यक्रमहरु सरोकारवाला सँस्थाहरुको सहकार्यमा सञ्चालन गरिने छ ।

४. शिक्षा क्षेत्रको विकासका लागि नगरपालिकामा सामुदायिकस्तरबाट सञ्चालित उच्च माद्यमिक विद्यालय र अन्य विद्यालयहरुलाई आवस्यकता र प्राथमिकताका आधारमा व्यवस्थापन सहयोग गर्ने नीति लिईने छ ।

## सुशासन प्रवर्धन तथा संगठन विकास नीति

१. नगरपालिकाबाट प्रवाह गरिने सवै प्रकारका सेवालाई कर सँग आवद्ध गर्दै लगिने छ ।

२. सूचना शाखालाई साधन सम्पन्न र व्यवस्थित गरिने छ ।

३. नगरपालिकाबाट प्रवाह गरिने सार्वजनिक सेवाहरुलाई जनमुखी गर्दै लगिने छ ।

४. नगरपालिको नागरिक वडापत्रलाई परिमार्जन सहित प्रकाशन गरिने छ ।

५. सबै वडा समितिको कार्यालयहरुमा नागरिक बडापत्र होर्डिङ्ग बोर्ड राखिने छ ।

६. नगरपालिकाबाट भएका प्रकाशनहरुलाई अभिलेखवद्ध गर्दै लगिने छ ।

७. नगरपालिकामा कार्यरत कर्मचारीहरुलाई अध्ययन, अवलोकन तथा अनुभव आदान प्रदान भ्रमणको लागि विभिन्न नगरपालिकाहरुमा पठाईने छ ।

८. नगरपालिकाको कार्यप्रक्रिया सरलीकरण गर्न निर्माण भएको कार्यविधी र निर्देशिका लागु गरिने छ ।

९. कर्मचारीहरुलाई प्रोत्साहन गर्न उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारीहरुलाई पुरस्कृत गर्ने परम्परालाई निरन्तरता दिईने छ ।

१०. क्षमता विकास योजनालाई परिमार्जन सहित कार्यान्वयन गरिने छ ।

११. सुशासन प्रवर्धन कार्यक्रमलाई प्राथमिकतामा राखी सञ्चालन गरिने छ ।

१२. वडा समितिको कार्यालयबाट प्रवाह गरिने सार्वजनिक सेवालाई सरल, छिटोछरितो जनमुखी वनाउने नीति लिइने छ ।

१३. कर्मचारीहरुको कार्यसम्पादन मुल्यांकन प्रणालीलाई कर्मचारीले सम्पादन गरेको कामसँग आवद्ध गरी परिणाममुखी वनाउने नीति लिईने छ ।

१४. नगरपालिकाबाट सम्पादन हुने कामलाई सरल छिटोछरितो र जनमुखी वनाउने कार्यमा शाखा प्रमुखहरुलाई वढी जिम्मेवार वनाउने नीतिलाई प्रभावकारी वनाउन शाखा तथा उपशाखा प्रमुखहरुको वैठकलाई नियमित र प्रभावकारी वनाईने छ ।

## सार्वजनिक निजी साझेदारी व्यवस्थापनसम्वन्धि नीति

१. नगरपालिका क्षेत्रभित्रका सामुदायिक भवन, पार्क, अतिथी गृह तथा वस पार्कको व्यवस्थापन तथा सञ्चालन प्रकृयाआदिलाई सार्वजनिक निजी साझेदारी अवधारणा अन्तर्गत सञ्चालन गर्ने कार्यलाई प्रभावकारी रुपमा निरन्तरता दिईने छ ।

२. नगरपालिका क्षेत्रभित्रको फोहरमैला व्यवस्थापन सार्वजनिक निजी साझेदारीको अवधारणा अन्तरगत साझेदारी संस्थाहरुको सहकार्यमा गरिने छ ।

## सार्वजनिक सम्पत्ती  संरक्षण तथा व्यवस्थापनसम्वन्धि नीति

१. जिन्सीको सफ्टवेयर निर्माण गरी सो अनुसार सम्पत्तीको अभिलेख राखिने छ ।

२. नगरपालिकामा रहेको सम्पत्ति व्यवस्थापन र संरक्षण गर्न  प्रयोगमा आउन नसक्ने तथा मर्मत संभार गर्न वढी लागत लाग्ने जिन्सी सामग्रीहरु लिलाम बिक्री गर्ने कार्यलाई निरन्तरता दिईने छ ।

३. जिन्सी निरीक्षणबाट प्राप्त सुझावहरुको सामयिक कार्यान्यवन गर्दै लगिने व्यवस्था गरिने छ ।

४. नगर क्षेत्र भित्र रहेका सार्वजनिक प्रति जग्गाको अभिलेखन राखी संरक्षणको आवस्यक व्यवस्था गरिने छ ।

## आन्तरिक आय बृद्धि तथा राजस्व व्यवस्थापनसम्वन्धि नीति

१. बक्यौता रहेका व्यवसाय कर असुली कार्यलाई प्रभावकारी गर्न घरदैलो कार्यक्रम यसै आर्थिक वर्षदेखि सञ्चालन गरिने छ ।

२. एकिकृत सम्पत्ति कर आ.ब. ०६९। ०७० देखि लागु गरिने छ ।

३. करको दायरामा नआएका करदाताहरुलाई करको दायरामा ल्याउने कार्यक्रम सञ्चालन गरिने छ ।

४. कर प्रणालीलाई व्यवस्थित,पारदर्शी र जनमुखी गर्न विभिन्न सञ्चार माध्यमबाट करका दरहरु प्रचार प्रसार गरिने छ ।

५. नेपाल सरकार र एशियाली विकास बैंकको अनुदान सहयोगमा नगरपालिकामा सञ्चालन हुने एकिकृत शहरी विकास परियोजना कार्यक्रमबाट यस नगरपालिकाको आन्तरिक आय अभिवृद्धिका लागि तयार भई नगरपालिकाबाट पारित विस्तृत वित्तिय अभिवृद्धि कार्ययोजना (Comprehensive Finaicial Improvement Plan) को व्यवस्थित एवम योजनावद्ध ढंगबाट कार्यान्वयनमा ल्याईने छ ।

६. नगरपालिकाले निर्माण गरी सञ्चालनमा आएको सहायक सडकहरुमा स्थानीय स्वायत्त शासन नियमावली,२०५६ (शंसोधित) मा भएको व्यवस्था अनुसार पटके सवारी कर संकलन गर्ने कार्यलाई व्यवस्थित गरिने छ ।

७. नगर क्षेत्रको संभाव्य सार्वजनिक स्थानहरुमा हुने यातायातका साधनहरुको पार्किङ्ग व्यवस्थालाई व्यवस्थित गर्न सरोकारवालाहरुसँग सहमति र सहयोगमा सवारी साधन पार्किङ्ग शुल्क संकलन गर्ने कार्य गरिने छ ।

## आदरणीय महानुभावहरु ,

अव म सिद्धार्थनगर नगरपालिकाको चालु आर्थिक वर्ष २०६८/०६९ को मार्ग मसान्तसम्मको यथार्थ आय व्यय विवरण एवम आषाढ मसान्तसम्मका लागि गरिएको अनुमानित आय व्यय अनुमानका साथै आगामी आर्थिक वर्ष २०६९/०७० का लागि प्रस्ताव गरिएको अनुमानित आय व्यय विवरण यस सार्वजनिक कार्यक्रममा प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

चालु आर्थिक वर्ष २०६८/०६९ को आषाढ मसान्तसम्म कुल यथार्थ आय रु, ४,१८,७१,१४८ प्राप्त भई लक्ष्यको २८ प्रतिशत प्रगति हासिल भएको छ भने सोही अवधिमा यथार्थ कुल व्यय रु, ३,६६,७०, ९८३ भएकोमा चालु तर्फ रु, २,३५,१४,९३६ र, पुंजीगत तर्फ रु, १,३१,५६,०४७ यथार्थ व्यय भएको छ ।

आगामी आर्थिक वर्षका लागि अनुमानित आय तथा व्यय रु ,१४ करोड १७ लाख ९७ हजार ५०० अनुमान गरिएको छ । नगरपालिका सञ्चालन अनुदान कार्यविधि, २०६६ मा भएको व्यवस्था अनुसार वार्षिक कार्यक्रमलाई समावेशी र समुदायमुखी वनाउन देहायका शिर्षकहरुमा विनियोजन गरी खर्च गर्ने प्रस्ताव गरिएको छ :

१. उपभोग खर्च तर्फ रु, ३,८१,४८,५००

२. सेवा खर्च तर्फ रु, २,५७,६७,०००

३. समपुरक कोष (Matching Fund ) तर्फ रु, ३,९२,१५०००।

४. पूर्वाधार विकास तर्फ रु, ७,६०,२००००।

५. प्रवर्धनात्मक (Promotional) खर्च तर्फ रु, १,०२,५०,०००।

६. लक्षित समुह अन्तरगत विपन्न महिला विकास तर्फ रु, ६१,४०,००० (१० (प्रतिशत)

७. लक्षित समुह अन्तरगत विपन्न बालबालिका विकास तर्फ रु, ५८,४०,००० ( प्रतिशत)

८. लक्षित समुह आदिवासी जनजाति, जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति,मधेशी,मुस्लिम,पिछडिएका वर्ग विकास कार्यक्रम तर्फ रु, ७८,५०,००० ( १५ प्रतिशत )

**आदरणीय महानुभावहरु,**

माथी उल्लेखित कुल व्यय अनुमानको व्ययभार गर्न निम्नानुसार केन्द्रीय तथा आन्तरिक आयको प्रक्षेपण गरिएको व्यहोरा यहाँहरु समक्ष राख्न चाहान्छु :

**(क) आन्तरिक श्रोत तर्फ जम्मा रु,४,८२,४७,०००**
**(ख) वाह्य श्रोत तर्फ जम्मा रु, ९,३५,५०,०००**

१. कृषि सडक शसर्त अनुदान रु, २०,००,०००
२. स्थानीय विकास शुल्क शसर्त अनुदान रु, २,५०,००,०००
३. स्थानीय विकास शुल्क निशर्त अनुदान रु, ८८,००,०००
४. नगरपालिका निशर्त अनुदान रु, १,४०,००,०००
५. वैदेशिक दाताको संयुक्त कोष ( LGCDP ) कार्यक्रम रु, १,५७,००,०००
६. जगेढा कोष तर्फ रु, ८६,००,०००
७. सडक वोर्ड तर्फ रु, ४५,५०,०००
८. नगर विकास कोष तर्फ रु, ७५,००,०००
९. जिल्ला स्वास्थ्य कार्यालयबाट रु, २०,००,०००
१०. एकिकृत शहरी विकास परियोजना अनुदान रु, ५०,००,०००

**आदरणीय अतिथी महानुभावहरु,**

विकासका वजेट तथा कार्यक्रमहरु पेश गर्नु मात्र महत्वपूर्ण विषय होईन महत्वपूर्ण कुरा त प्रस्ताव गरिएका कार्यक्रमलाई सारभूत , प्रभावकारी एवम जनमुखी तरिकाले कार्यान्वयनमा ल्याउनु हो । यसका लागि यहाँ प्रस्ताव गरिएका कार्यक्रमहरु प्रभावकारीरुपमा कार्यान्वयनमा ल्याउन सर्वप्रथम प्रक्षेपण गरिएका वाह्य तथा आन्तरिक आय लक्ष्य अनुरुप प्राप्त गर्न सक्नु पर्दछ, जसबाट प्रस्तावित विकासका कार्यक्रमहरु प्रभावकारी तरिकाले कार्यान्वयन गर्न सहजता प्राप्त गर्न सकिन्छ । यो कार्य नगरपालिकाको एकल प्रयासले मात्र संभव छैन , यसका लागि राजनीतिक दल, नागरिक समाज, बुद्धिजीवी, व्यापारी वर्ग, सँघसँस्था एवम नगरवासीहरुको सकृय सहभागिता, सहयोग, सदभाव र सुझावको आवस्यकता पर्दछ । यसको अपेक्षा नगरपालिकाले गरेको छ ।

अन्तमा यस वजेट,नीति तथा कार्यक्रम निर्माणमा सकृय सहभागिता दिनु हुने राजनीतिक दलका प्रमुखज्यूहरु एवम प्रतिनिधिहरु, नागरिक समाजका सदस्यहरु, सँघसँस्थाका प्रतिनिधिहरु एवम नगरपालिकाका सहकर्मी कर्मचारी मित्रहरु प्रति हार्दिक आभार व्यक्त गर्न चाहान्छु , र, आगामी दिनहरुमा पनि नगरको सर्वाङ्गिण विकासका लागि यहाँहरुका सहयोग र सहभागिता प्राप्त भईरहने अपेक्षा गर्दछु ।

धन्यवाद

टीकादत्त राई
कार्यकारी अधिकृत
सिद्धार्थनगर नगरपालिका कार्यालय, रुपन्देही

मिति २०६८/१०/

# मेरो भनाई

नगरपालिका जनप्रतिनिधिमुलक मुलतः विकाससँग सम्वन्धित स्थानीय निकाय भएकोले स्थानीय स्वायत्त शासन ऐन,२०५५ तथा स्थानीय स्वायत्त शासन नियमावली,२०५६ (संशोधित ) वमोजिम प्रत्येक वर्षका लागि नेपाल सरकार स्थानीय विकास मन्त्रालय, राष्ट्रिय योजना आयोगबाट प्राप्त वजेट सिलिङ्ग र मार्ग दर्शनका आधारमा आन्तरिक तथा केन्द्रियस्तरबाट प्राप्त हुने अपेक्षित आयको सीमा भित्र रही  आगामी आर्थिक वर्षका लागि वार्षिक वजेट ,नीति तथा कार्यक्रम सहभागितामुलक प्रकृया अवलम्वन गरी निर्माण गर्नु पर्ने प्रावधान रहेको छ । यसै व्यवस्था अनुरुप सिद्धार्थनगर नगरपालिकाले आगामी आर्थिक वर्ष, २०६९/०७० का लागि सहभागितामुलक विधि अवलम्वन गरी वार्षिक वजेट नीति तथा कार्यक्रम राजनीतिक दलका प्रतिनिधिहरु,वडावासीहरु,नगरका सामाजिक सँघ सँस्थाका प्रतिनिधिहरु र नागरिक समाजका  सदस्यहरुको सहभागिता र सहयोगमा एकिकृत योजना तर्जुमा समितिबाट निधारण भएको विषयगत प्राथमिकताका आधारमा नगरपालिका वोर्ड वैठकको सिफारिसमा निर्माण भएको वजेट, नीति तथा कार्यक्रम पुस्तिकाको रुपमा प्रकाशन हुन लागेकामा मलाई खुशी लागेको छ ।

नेपालमा योजनावद्ध विकासको थालनी भएको पाँच दशकको अवधिमा विकासका लागि धेरै प्रयास र लगानी भएको छ । तथापि अपेक्षित रुपमा क्षेत्रगतरुपमा विकासका उपलब्धि हासल नभएको भन्ने जनगुनासो रहेको छ भने जनताको आर्थिक तथा सामाजिकस्तरमा पनि तात्विक रुपान्तरण हुन नसकेको अवस्था छ । यस्तो परिस्थीतिमा जनस्तरमा प्रत्यक्ष प्रभाव र असर पार्ने प्रकृतिका स्थानीयस्तरका योजना तथा कार्यक्रमहरु समविष्ट हुने गरी विकास कार्यक्रमहरु तर्जुमा गर्नु सहज पक्कै होइन । जे भएपनि सिद्धार्थनगर नगरपालिकाले आफनो सीमित श्रोत साधनलाई प्रभावकारी तरिकाबाट परिचालन गर्ने गरी आगामी आर्थिक वर्ष, २०६९/०७० को वजेट नीति तथा कार्यक्रम स्थानीय स्वायत्त शासन ऐन,२०५५ ले तोकेको समयमानै  निर्माण गरेको छ । यो वजेटले समस्त नगरवासीको  अपेक्षा वोकेको हुँदा यसको प्रभावकारी कार्यान्वयनमा सवैको सहभागीता, सहयोग र सरोकार रहनु पर्दछ, अनि मात्र यसले वोकेको लक्ष्य तथा उद्धेश्य हासिल हुन सक्दछ । यो अपेक्षा नगरपालिकाले गरेको छ ।

अन्तमा वजेट नीति तथा कार्यक्रम पुस्तिका निर्माणमा अहोरात्र खटिने नगरपालिकाका कर्मचारी साथीहरुमा हार्दिकता प्रकट गर्दछु ।

**टीकादत्त राई**
**प्रमुख एवम कार्यकारी अधिकृत**
**सिद्धार्थनगर नगरपालिका कार्यालय,रुपन्देही**